पदको विवरण यस प्रकार छ :—

१ पद :— मिडिल शिक्षक, स्थायी तथा पेन्शन पाइने।

२. आवश्यक न्यूनतम योग्यता :— उत्तर मध्यमा वा संपूर्ण मध्यमा पास।

३. विशेष योग्यता :— आइ. ए. अथवा अंग्रेजी लिएर उत्तर मध्यमा पास।

४. मासिक तलब स्केल र भत्ता :— कं. रु. ७०—१२० र महँगी भत्ता कं. रु. १२॥

आज्ञाले—
खड्गमान मल्ल,
सेक्रेटरी— पब्लिक सर्भिस कमिशन,
सिंहदरबार, काठमाडौं, नेपाल.

## खाद्यविभागको विज्ञप्ति

का. खा. हल १०५।२१४।०१२ मिति २०१२।५।१७।६

काठमाडौं उपत्यकाभित्र खाद्यान्न खरीद बिक्री गर्नेहरूले आफूलाई मन लागेको भाउमा खरीद गरी थन्क्याई जनतालाई दुःख पीर हुने गरी महँगो भाउँमा बिक्री गर्न नपाउन् भन्ने उद्देश्यले निम्न लिखित कुरा खुलाई डाइरेक्टर खाद्यविभाग वा इलाका मेजिष्ट्रेट अफिसमा आश्विन २६ गते ०१२ सम्ममा दरखास्त दिनुहोला भनी व्यापारी पसलेहरूको लागि यो विज्ञप्ति प्रकाशित गरिएकोछ। सो दरखास्त दिई उक्त विभाग वा आफिसमा रजिष्टरी नगराई कुनै व्यापारी पसलेहरूले खाद्यान्नको खरीद बिक्री गर्न पाउनेछैन। गरे कानूनअनुसार सजाय हुनेछ।

१. कुन व्यापारी पसलेहरूले कार्तिक १ गतेदेखि आश्विन मसान्ततक वर्ष १ मा कुन कुन खाद्यान्न के कति खरीद बिक्री गर्ने गरी आएको छ ?

२ कुन जिल्ला गाउँबाट खरीद गरी ल्याई बिक्री गर्ने गरी आएको हो ?

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. यो साल कार्तिक १ गतेदेखि आश्विन मसान्ततक वर्ष १ को लागि कुन कुन खाद्यान्न खरीद बिक्री गर्ने अनुमान छ ? सो खरीद गर्ने र बिक्री गर्ने कहाँ हो ?

यसै विज्ञप्तिद्वारा यो पनि सूचित गरिन्छ कि उक्त रजिष्टरीमा दर्ता भएपछि अड्डाबाट यौटा लाइसेन्स दिइनेछ। सो लाइसेन्स–फी सरकारबाट तोकिएबमोजिम बुझाउनुपर्नेछ। कुनै ठाउँको ठेक्का लिई खरीद गर्नुपर्ने छ भने त्यस्ताले पनि उक्तबमोजिम खुलाई दरखास्त दिनुपर्छ। सो लाइसेन्स पर्मिट दिने काम ०१२ आश्विन मसान्तभित्रमा हुने हुँदा ०१२ कार्तिक १ गतेदेखि उक्त लाइसेन्स नलिई लेखिएबमोजिम खरीद बिक्री गर्न पाउनेछैन। गरे कानूनअनुसार सजाय हुनेछ।

आज्ञाले—
देवीप्रसाद गिरी,
का. मु. सेक्रेटरी—खाद्यविभाग.

## वनविभागको विज्ञप्ति

नं. २६।३६६८                २०१२।५।१७।१

पहाड मधेशमा भइरहेको वन जङ्गलको साविक सीमानाभित्र हाल आबादी गर्नेलाई ०६–८–१६ मितिको राजसभाको निर्णयबमोजिम वन तथा कृषिविभागका कमिशन गठन भई आबाद गर्न लायकको जग्गाहरू जहाँ जहाँ छ, छुट्याई मात्र आबाद गर्न दिने भन्ने निर्णय भइरहेको र सो कमिशनबाट जाँच बुझ नभई पहाड मधेशमा वन जङ्गलको साविक सीमानाभित्रका कुनै जग्गाहरू पनि केन्द्रको आदेशबेगर हाल आबादी गर्न नहुने र गढी, गौंडा, गोस्वारा र मालहरूले समेत वन जङ्गलको सीमानाभित्र हाल आबादी गर्ने र दर्ता गर्नसमेत भइरहेको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।